# त्रिभुवन विश्वविद्यालय

# दानदातव्य कोष सञ्चालन सम्बन्धी विनियम, २०७९

**पारित मिति** : २०७९/१२/१९

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. १९५७)

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०७९**

# त्रिभुवन विश्वविद्यालय

# दानदातव्य कोष सञ्चालन सम्बन्धी विनियम, २०७९

**प्रस्तावना**

त्रिभुवन विश्वविद्यालयलाई वैकल्पिक श्रोतको व्यवस्थापनमार्फत अझ बढी शैक्षिक गुणस्तर कायम गर्न, दिगो एवम् उच्च शिक्षा सबल बनाउन, विद्यार्थीलाई छात्रवृत्ति, तथा अनुसंधान वृत्ति, विश्वविद्यालयमा अनुसन्धान तथा विकास प्रवर्द्धन गर्न, जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धि गर्न र यी कार्यहरूमार्फत् विश्वविद्यालयको लक्ष्य प्राप्तिका लागि थप स्रोतहरूको खोजी गर्न र प्राप्त भएका आर्थिक एवं वित्तीय स्रोतको प्रभावकारी परिचालन गर्न, सुव्यवस्थित सञ्चालन गर्न वाञ्छनीय भएकोले त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ५ बमोजिमको विशेष कोषको रुपमा दानदातव्य कोष (Endowment Fund) स्थापना गरी सोको व्यवस्थित सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम १३३ को उपनियम (२) र नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले यी विनियमहरू बनाई लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यस विनियमको नाम “त्रिभुवन विश्वविद्यालय दानदातव्य कोष सञ्चालन सम्बन्धी विनियम, २०७९” रहनेछ ।

(ख) यो विनियम तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) “अर्ध प्रतिबन्धित कोष” भन्नाले विश्वविद्यालयको उद्देश्य पूरा गर्न विश्वविद्यालयले तोकेको क्षेत्रमा खर्च गरिने गरी स्थापित कोष सम्झनुपर्दछ ।

(ख) “आवधिक कोष” भन्नाले निश्चित समयसम्मका लागि स्थापना गरिएको कोष सम्झनु पर्दछ ।

(ग) “कोष” भन्नाले विश्वविद्यालयबाट सञ्चालित स्थायी, आवधिक वा वार्षिक रुपमा नगद वा जिन्सी योगदानमा आधारित त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ५ बमोजिम स्थापना गरिएको दानदातव्य कोष सम्झनुपर्दछ ।

(घ) “प्रतिबन्धित कोष” भन्नाले विश्वविद्यालयको उद्देश्यलाई सहयोग गर्न दाताले तोकेको क्षेत्रमा खर्च गरिने गरी स्थापित कोष सम्झनुपर्दछ ।

(ङ) “दानदातव्य कोष” भन्नाले विश्वविद्यालयबाट सञ्चालित स्थायी, आवधिक वा वार्षिक रुपमा नगद, जिन्सी वा घर जग्गा योगदानमा आधारित दानदातव्य कोष सम्झनुपर्दछ । अङ्ग्रेजीमा यसलाई Endowment Fund भनिनेछ ।

(च) “लगानी निर्देशक समिति” भन्नाले विनियम १० बमोजिमको लगानी निर्देशक समिति सम्झनु पर्दछ ।

(छ) “स्थायी कोष” भन्नाले विशेष उद्देश्यसहित स्थापना भएको छुट्टै अभिलेख कायम गर्नुपर्ने कोष सम्झनुपर्दछ ।

(ज) “सञ्चालक समिति” भन्नाले विनियम ८ बमोजिमको दानदातव्य कोष सञ्चालक समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## कोषको स्थापना र सञ्चालन

**३. कोषको स्थापना :** (१) त्रिभुवन विश्वविद्यालयलाई वैकल्पिक श्रोतको परिचालनमार्फत अझ बढी शैक्षिक गुणस्तर कायम गर्न, दिगो एवम् उच्च शिक्षा सबल बनाउन; छात्रवृत्ति, अनुसन्धानवृत्ति, प्रोफेसरसिप, अनुसंन्धान तथा विकास प्रवर्द्धन गर्न जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धि गर्न र यी र यस्ता प्रकृतिका कार्यहरूमार्फत विश्वविद्यालयको लक्ष्य प्राप्तिका लागि दाताहरूबाट प्राप्त भएका र हुनसक्ने आर्थिक एवं वित्तीय स्रोतलाई प्रभावकारी, सुव्यवस्थित सञ्चालन गर्न त्रिभुवन विश्वविद्यालय दानदातव्य कोषको स्थापना हुनेछ । यस कोषलाई अंग्रेजीमा Tribhuvan University Endowment Fund भनिनेछ ।

(२) कोष स्थापनाका लागि दाताहरूले एकमुष्ट वा किस्तामा योगदान गर्न सक्नेछन् । किस्तामा कबुल गरेको दानदातव्य रकम दाताले सम्झौतामा उल्लेख भए बमोजिम बढीमा ५ वर्ष भित्र कोषमा जम्मा गर्नेगरी व्यवस्था वा सम्झौता गर्न सकिनेछ । जिन्सी वा जमिन वा भवन भने किस्तामा जम्मा गर्न सकिने छैन् ।

(३) उपविनियम (१) बमोजिमको कोषमा देहायबमोजिमका दाताहरूले नगद वा जिन्सी वा भवन वा जग्गा सहयोग योगदान गर्न सक्नेछन ।

(क) केन्द्र, प्रदेश वा स्थानीय सरकार

(ख) अर्ध सरकारी निकायहरू

(ग) निजी संस्था तथा कम्पनीहरू

(घ) व्यक्ति वा पारिवारिक ट्रष्ट

(ङ) विश्वविद्यालय वा क्याम्पसको पूर्व विद्यार्थी वा संघ, संगठनहरू

(च) विश्वविद्यालयका पूर्व विद्यार्थीहरू, प्राध्यापकहरू, कर्मचारीहरू

(छ) अन्तर्राष्ट्रिय संघ संस्थाहरू ।

**४. कोषको किसिम :** (१) समयका आधारमा कोष स्थायी र आवधिक हुन सक्नेछ ।

(२) कोषमा दाताको दानदातव्य रकमका आधारमा कोष प्रतिबन्धित वा अर्ध प्रतिबन्धित हुन सक्नेछ।

**५. प्रतिबन्धित कोष :** (१) प्रतिबन्धित कोषको दानदातव्य रकम कम्तिमा रु. १ करोड हुनुपर्नेछ । यस प्रकारका कोषको सञ्चालन कोषको दातासँगको सम्झौता अनुसार छुट्टै कोषको व्यवस्था गरी गर्न सकिनेछ । दानदातव्यदाताले कोषको नाम सुझाव गर्न सक्नेछन् । प्रतिबन्धित कोषको रकम सम्झौतामा उल्लेख भएभन्दा अन्य क्षेत्रमा लगानी वा खर्च गरिने छैन ।

(२) रु. १ करोडभन्दा कम रकमको कोष प्रतिबन्धित कोषको रुपमा हुने छैन तर प्रतिफल समेत समावेश गरी कोषको रकम रु. १ करोडभन्दा बढी भएपछि दाताको चाहना अनुरुप प्रतिबन्धित कोषको रुपमा परिवर्तन गर्न सकिनेछ ।

**६. अर्ध प्रतिबन्धित कोष :** (१) रु. १ करोडभन्दा कम शुरुवाती कोषको रकमलाई अर्ध प्रतिबन्धित कोषको रुपमा स्वीकार गरिनेछ । अर्ध प्रतिबन्धित कोषको लगानी तोकिएको क्षेत्र वा उद्देश्यबमोजिम कोष लगानी समितिले दाताको सहमतिमा तय गर्न सक्नेछ । अर्ध प्रतिबन्धित कोष अन्तर्गत रु. ५० लाखभन्दा बढी लगानी गर्ने कोषको नाम दाताले इच्छाएको अनुसार हुनेछ ।

(२) रु. १० लाखदेखि रु. ५० लाखसम्मको दानदातव्य रकमको उपयोग तथा लगानी समितिले आवश्यक ठानेको विश्वविद्यालयको शैक्षिक विकास र गुणस्तर अभिवृद्धि गर्ने क्षेत्रमा गर्न सक्नेछ । तर कोषको उपयोग, आम्दानी तथा खर्चको विवरण सम्बन्धित कोषमा अलग अलग राखिनेछ।

(३) रु. १० लाखसम्मका दानदातव्य कोष दानदातव्यदाताले सोझै कुनै डीनको कार्यालय, स्कूल, क्याम्पस, केन्द्रीय विभाग, विभाग, वा कार्यक्रमलाई विश्वविद्यालय दानदातव्य कोष सञ्चालक समितिको स्वीकृति लिएर सम्बन्धित निकायमा कोष स्थापना गर्न सक्नेछन् । यस प्रकारका दानदातव्य रकमको जानकारी केन्द्रीय दानदातव्य कोषमा गराउनु पर्नेछ । साथै केन्द्रीय दानदातव्य कोषले यस प्रकारका साना कोषको विवरण सम्बन्धित निकायसँग लिएर राख्नेछन् ।

(४) उपविनियम ३ मा जुनसुकै व्यवस्था भए तापनि कुनै डीनको कार्यालय, क्याम्पस, स्कुल, केन्द्रीय विभाग, विभाग वा कार्यक्रम आफैले सुत्रपात गरी सञ्चालन भएका दानदातव्य कोष वा भविष्यमा हुन सक्ने दानदातव्य कोषको रकम र समयको सीमा राखिने छैन । यस प्रकारका दानदातव्य कोषको लगानी, परिचालन र व्यवस्थापन यो विनियमअन्तर्गत रहेको लगानी समितिको सुपरिवेक्षण रहने गरी सम्बन्धित डीनको कार्यालय, क्याम्पस, स्कूल, केन्द्रीय विभाग, विभाग, वा कार्यक्रम आफैले गर्न सक्नेछन् ।

**७. कोषको सञ्चालन :** (१) विनियमको अधिनमा रही कोष सञ्चालन सम्बन्धी अन्य शर्त सम्झौतामा उल्लेख भएबमोजिम हुनेछन् ।

(२) विश्वविद्यालय र दाताहरूको बीचमा अनुसूची (१) नमूना बमोजिमको सम्झौता भएपछि मात्र कोषको सञ्चालन गरिनेछ ।

(३) विश्वविद्यालय दानदातव्यकोषका उद्देश्य मध्येबाट दानदातव्यदाताले छनोट गरेका क्षेत्रमा मात्रै कोषको सञ्चालन गर्न सकिनेछ ।

(४)हाल सञ्चालनमा रहेका अध्ययन संस्थान तथा सङ्कायमा रहेका यस्तै प्रकृतिका दानदातव्य कोष यो विनियम सञ्चालनमा आए पश्चात यसै विनियम अनुरुप दाताको स्वीकृतिमा केन्द्रीय दानदातव्य कोषमा समाहित हुनेछन् । दानदातव्य कोष पूर्ववत् उद्देश्यका निम्तिमात्र प्रयोग हुनेछ ।

## परिच्छेद ३

## कोष सञ्चालक समिति

**८. दानदातव्य कोष सञ्चालक समितिको गठन :** (१) कोषको प्रभावकारी व्यवस्थापनका लागि विश्वविद्यालयले एक केन्द्रीय दानदातव्य कोष सञ्चालक समिति गठन गर्नेछ। समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्।

(क) रजिष्ट्रार – अध्यक्ष

(ख) डीनहरू मध्येबाट एकजना – सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन महाशाखा – सदस्य

(घ) प्रतिबन्धित कोष दाताको तर्फबाट दुईजना – सदस्य

(ङ) अर्धप्रतिबन्धित कोष दाताबाट एकजना – सदस्य

(च) निर्देशक, योजना निर्देशनालय – सदस्य सचिव

(२) उपविनियम (१) को खण्ड (ख) र (घ) बमोजिमको सदस्यको मनोनयन रजिष्ट्रारबाट हुनेछ।

(३) समितिले बैठकमा आवश्यकताको आधारमा त्रि. वि. नियमानुसार अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ।

**९. दानदातव्य कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** दानदातव्य कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विनियम ३ बमोजिमका दाताहरूले प्रदान गर्ने दानदातव्य कोष सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने,

(ख) कोषमा रहेको रकम उपयुक्त स्थानमा लगानी गर्न स्वीकृति प्रदान गर्ने,

(ग) दानदातव्य कोष सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(घ) विश्वविद्यालयले कोषलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यकताअनुसार लगानी उपसमिति, कोष परिचालन समिति, गुनासो सुनुवाई समिति लगायत अन्य समिति र कार्यदल गठन गर्ने,

(ङ) यस विनियममा उल्लेख नभएका भैपरी आउने कार्य गर्ने।

**१०. लगानी निर्देशक समितिको गठन :** (१) कोषको प्रभावकारी सञ्चालनका लागि सञ्चालक समितिको मातहतमा रहने गरी देहायबमाजिमको एक लगानी निर्देशक समिति रहनेछ।

(क) निर्देशक, योजना निर्देशनालय – अध्यक्ष

(ख) प्रमुख, अर्थशास्त्र केन्द्रीय विभाग – सदस्य

(ग) आर्थिक व्यवस्थापन वा वित्त व्यवस्थापन विज्ञ एक जना – सदस्य

(घ) प्रतिबन्धित दानदाताबाट एक जना – सदस्य

(ङ) प्रमुख, आ.प्र.म.शा., बजेट – सदस्य सचिव

(२) उपविनियम (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्य सञ्चालक समितिले तोक्नेछ। सञ्चालक समितिले अगावै हटाएमा बाहेक यस समितिका सदस्यहरूको पदावधि २ बर्षको हुनेछ।

(३) समितिले बैठकमा आवश्यकताको आधारमा त्रि. वि. नियमानुसार अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिमा बहुमतको निर्णय मान्य हुनेछ ।

**११. लगानी निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** लगानी निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विनियम ३ बमोजिमका दाताहरूले प्रदान गर्ने दानदातव्य कोष सञ्चालन गर्न आवश्यक प्रक्रिया तय गर्ने ।

(ख) दानदातव्य कोषमा रहेको रकमको उपयुक्त लगानीका क्षेत्र पहिचान गर्ने, दाता पहिचान गर्ने, दाता र विश्वविद्यालयको आपसी हितका निम्ति आवश्यकताअनुसार कोषका उद्देश्य पहिचान गर्ने ।

(ग) विश्वविद्यालयले कोषलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यकताअनुसार लगानी उपसमिति, कोष परिचालन समिति, गुनासो सुनुवाई समिति लगायत अन्य समिति र कार्यदल गठन गर्न दानदातव्य कोष सञ्चालक समितिलाई सिफारिस गर्ने ।

(घ) दानदातव्य कोषको अवस्था अद्यावधिक राख्ने तथा दानदातव्य कोष सञ्चालक समिति र दातालाई सुसुचित गर्ने ।

(ङ) यस विनियममा उल्लेख नभएका तर लगानीका क्रममा वा दानदातव्य कोष सञ्चालनका क्रममा भैपरी आउने कार्य गर्ने ।

(च) सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद ४

## कोषको लगानी

**१२. कोषको लगानी :** (१) कोषको लगानी मुद्दति निक्षेप वा समितिले तोकिएको क्षेत्रमा लगानी गर्न सक्नेछ । तर पहिले नै सञ्चालन भइरहेका अलग अलग कोष यस दानदातव्य कोषमा समाहित भएपश्चात कोषको लगानी पूर्व निर्धारित उद्देश्यमा मात्रै गरिनेछ ।

(२) कोषबाट आर्जित ५० प्रतिशत रकम मूलकोषको प्रयोजनार्थ खर्च गर्न सकिनेछ भने बाँकी ५० प्रतिशत रकम सम्बन्धित कोषमा पुन लगानी गर्नु पर्नेछ (उदाहरणका निम्ति अनुसूचीमा संलग्न तालिकामा उल्लेख भए बमोजिम हुनेछ) ।

(३) कोषबाट आर्जित भएको रकम प्रशासनिक वा व्यवस्थापन शुल्कको रुपमा खर्च गरिने छैन । प्रशासनिक तथा व्यवस्थापन खर्च विश्वविद्यालयको नियमानुसार आन्तरिक स्रोतबाट गरिनेछ ।

(४) विश्वविद्यालयले लगानी निर्देशक समितिको स्वीकृतिको आधारमा लगानी व्यवस्थापक मार्फत पनि लगानी गर्न सक्नेछ ।

(५) दानदातव्यकोषको रकम प्रयोग गरेर विश्वविद्यालयले लिन सक्ने ऋणका निम्ति धितोको रुपमा प्रयोग गर्ने छैन ।

**१३. अध्ययन संस्थान, सङ्काय, स्कुल, क्याम्पस तथा विभागको कोष सञ्चालन :** विभिन्न अध्ययन संस्थान, सङ्काय, स्कुल तथा क्याम्पसमा भएका वा हुन सक्ने कोषको व्यवस्थापनमा एकरुपता ल्याउने हेतुले विश्वविद्यालयमा सञ्चालन हुने सबै कोष दाताहरूको स्वीकृतिमा केन्द्रीय कोषमा समावेश हुनेछन् । कुनै खास अध्ययन संस्थान, सङ्काय, स्कुल, केन्द्रीय विभाग, विभाग तथा क्याम्पसको अभिबृद्धि तथा सम्बन्धित अध्ययन संस्थान, सङ्काय, स्कुल, केन्द्रीय विभाग, विभाग तथा क्याम्पसको शैक्षिक विकास सहयोगका निम्ति मात्रै स्थापित भएका वा हुन चाहने कोषको लगानी तत्सम्बन्धी उद्देश्यका निम्ति मात्रै सम्बन्धित अध्ययन संस्थान, सङ्काय, स्कुल, केन्द्रीय विभाग, विभाग तथा क्याम्पसमार्फत हुनेछ ।

**१४. कोषको प्रयोग** : विश्वविद्यालयले कोषको देहायबमोजिम प्रयोग गर्न सक्नेछ ।

(क) शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि तालिम, कार्यशाला, शिक्षकहरूको लागि फेलोसिप, प्रोफेसरसिप, छात्रवृत्तिका निम्ति,

(ख) विभिन्न विषयहरूको अनुसंन्धान गरी प्रतिवेदन तयार गर्न, अनुसंन्धान प्रयोगशाला स्थापना तथा संचालन, उद्यमशिलताको विकास गर्न,

(ग) कोषको प्रयोग कोषको उद्देश्यका आधारमा विद्यार्थीहरूको योग्यता तथा आवश्यकताको आधारमा छात्रवृत्ति, अनुसन्धान वृत्ति, प्रदान गर्न तथा शिक्षालाई थप समावेशी बनाउन विभिन्न क्षेत्रका विद्यार्थीहरूलाई मूल प्रवाहमा ल्याउन,

(घ) संस्थागत क्षमताको अभिवृद्धि जस्तैः उच्च शिक्षाको पूर्वाधार विकास, नयाँ स्थानमा क्याम्पस स्थापना तथा विभिन्न कार्यक्रमको सञ्चालन, संस्थागत समन्वय गर्न, क्षमता विकास गर्न, पछि परेका समुदायको शैक्षिक विकास, विश्वविद्यालयको परामर्श क्षमता अभिवृद्धिमा लगानी गर्न,

(ङ) विश्वविद्यालयको लक्ष्य प्राप्तिको लागि कोषदाताले तोकेको अन्य क्षेत्र,

(च) लगानीका क्षेत्रको पहिचान दानदातव्यकोष सञ्चालक समिति, दानदातव्यकोष लगानी समिति तथा दाताको आपसी सहमतिमा विश्वविद्यालयका लक्षित क्षेत्रमध्येबाट पहिचान गर्न सकिनेछ ।

**१५. कोषको अभिलेखन तथा सञ्चालन** (१) कोषको व्यवस्थापन आर्थिक प्रशासन महाशाखाले गर्नेछ।

(२) कोषको अभिलेखन प्रचलित लेखामान सिद्धान्त र मापदण्डको आधारमा गरिनेछ ।

(३) कोषको रकम छुट्टै बैंक खातामार्फत सञ्चालन गरिनेछ ।

(४) दानदातव्य कोष सञ्चालक समितिले तोकेको व्यक्तिमार्फत खाताको सञ्चालन गरिनेछ ।

(५) कोषको यथार्थ अवस्थासहित अर्धवार्षिक रुपमा दाताहरू तथा लगानी निर्देशक समितिमा पेश गर्नुपर्नेछ ।

(६) कोषको यथार्थ अवस्थासहित प्रत्येक वर्ष असोज मसान्तभित्र विश्वविद्यालयको कार्यकारी परिषद् तथा दाताहरूलाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) कोषको आन्तरिक तथा बाहय लेखापरीक्षण विश्वविद्यालय नियमानुसार हुनेछ ।

## परिच्छेद ५

## विविध

**१६. विविध :** (१) निश्चित अवधिका निम्ति सञ्चालन भएका सहयोग उक्त समयावधि समाप्त भई सकेपछि बाँकी रहेको रकम साधारण कोषमा स्थानान्तर हुनेछ ।

(२) हाल सञ्चालनमा रहेका दाताको अवधि यसै विनियम अन्तर्गत सञ्चालन भएको मानिनेछ ।

(३) विनियममा उल्लेखित व्यवस्थाहरू बाहेक अन्य व्यवस्थाहरू आपसी सहमतिमा तय गरिनेछ ।

(४) विश्वविद्यालयको आवश्यकताका क्षेत्रभित्र रहेर यो विनियमको अधीनमा रही कुनै दानदातव्य कोष दाताले निश्चित उद्देश्यका लागि दानदातव्य सहयोग गर्न चाहेमा सञ्चालक समितिले आवश्यक मापदण्ड बनाएर लागू गर्न सकिनेछ ।

(४) यस विनियमको व्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार कार्यकारी परिषद्मा रहनेछ ।

***

त्रिभुवन विश्वविद्यालय

अनुसूची १

# त्रिभुवन विश्वविद्यालय

## दानदातव्य कोष

## दानदातव्य कोषमा योगदान तथा कोष परिचालन सम्बन्धी सम्झौता स्थापना

यो दानदातव्य कोष **"प्रा.प्रदिप कुमार खड्का"** का नाममा सञ्चालन हुने गरी त्रिभुवन विश्वविद्यालय र दानदातव्यकर्ता श्री विमल कुमार खड्काका बीचमा मिति २०८१/०१/१६ का दिन दानदातव्यकर्ताबाट रु. १०,२५,०००।– (अक्षेरुपी दश लाखपच्चीस हजार मात्र ) को दानदातव्य कोष स्थापना गरी निम्नानुसार लक्ष्य हासिल गर्न "त्रिभुवन विश्वविद्यालय दानदातव्य कोष सञ्चालन सम्बन्धी विनियम, २०७९" को अधीनमा रही परिचालन र व्यवस्थापन गर्ने उद्देश्यका निम्ति यो सम्झौता पत्रमा हस्ताक्षर भयो ।

### लक्ष्य तथा उद्देश्य

यो दानदातव्य कोषका लक्ष्य तथा उद्देश्य निम्नानुसार रहनेछन् :

१. ग्रामीण विकास अध्ययन स्नात्तोकतर तहमा नेपाल अधिराज्यभरबाट उत्कृट जि.पि.ए प्राप्त छात्र-१, छात्रा-१ लाई प्रा.प्रदिप कुमार खड्का विधा भुषण पदक प्रदान गर्ने

२.
३.
४.
५.

### कोषको विवरण

| | | |
|---|---|---|
| 1 | कोषको आधिकारिक नाम | **प्रा. प्रदिप कुमार खड्का विधा भुषण पदक** |
| 2 | दानदाताको विवरण | |
| | दाताको नाम र सम्पर्क नम्बर<br>Name and contact number | **विमल कुमार खड्का** |
| | अख्तियारी प्राप्त इच्छाइएको व्यक्तिको नाम<br>Name of person in care of | **रिता खड्का** |
| | सम्पर्क नम्बर र इमेल<br>Reporting to (mailing address) | **9851050200**<br>**khadkabimal110@gmail.com** |
| 3 | कोषमा योगदान सम्बन्धी योजना Funding Plan | |
| | कोषको प्रकृति<br>Nature of endowment | ✓रकम/जिन्सी/जग्गा/भवन<br>✓Cash/Property/Land/Building |
| | कोषमा योगदान रकम<br>Amount of endowment (equivalent if property) | **दश लाख पच्चीस हजार मात्र**<br>**रु. १०,२५,०००।-** |
| | कोषको अवधि<br>Terms of endowment fund | दीर्घकालीन/आवधिक **दीर्घकालीन**<br>Perpetual / Terms |

| | | |
|---|---|---|
| | कोषको प्रकृति<br>Types of endowment plan | प्रतिबन्धित/अर्धप्रतिबन्धित **अर्धप्रतिबन्धित**<br>Restricted/ quasi restricted |
| | कोषमा योगदान किस्ता<br>Installments of endowment contribution | एकमुष्ठ / वार्षिक किस्ता / अर्धवार्षिक किस्ता<br>**एकमुष्ठ** |
| | माथि उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल नभएको अवस्थामा वैकल्पिक उद्देश्य<br>Alternative objective if original objective is not achieve | |
| 4 | कोष रकम खर्च गर्न सकिने क्षेत्र/योजना<br>Expenditure Plan | प्रोफेसरसिप/फेलोसिप/छात्रवृत्ति/प्रयोगशाला निमार्ण तथा स्तरोन्नती/पुस्तकालय निमार्ण/पुस्तक तथा जर्नल खरिद/सूचना प्रविधि/अन्य **लक्ष्यमा उल्लेख भए बमोजिम**<br>Professorship/Fellowship/Scholarship/Lab upgradation/Books/Library/Information technology/ other if any (can be from the supplement document list : if the area of contribution is different than the specified in supplement document, criteria for that particular endowment contribution will be developed by Tribhuvan University as per its requirement) |
| | कोष रकमबाट खर्च गर्न सकिने इकाई सङ्ख्या<br>No. of units for the expenditure (see supplement document) | **छात्र-१ छात्रा-२** |
| 5 | कोष लगानीमा कुनै प्रतिबन्ध भएमा<br>Investment Restriction (if any) | |
| | नगद वा बैंक मौज्दात प्रमाणपत्र<br>Cash/Fixed Deposit | |
| | जग्गा, भवन<br>Real estate (Land, Building) | |
| | अन्य जिन्सी Others | |
| 6 | कोषको मूल रकम<br>Principal amount of endowment fund | **दश लाख पच्चीस हजार मात्र**<br>रु. १०,२५,०००। |

## **कोषका शर्त (Conditions for the endowment agreement)**

क. यो दानदातव्य कोषको कुल रकम एकमुष्ठ भए सम्झौता भएको मितिले सात दिन भित्र र किस्तामा भए सम्झौताबमोजिम कोषमा दाखिला हुने छ। तर यो कोषको अवधि पाच वर्षभन्दा बढी हुने छैन् । (The agreed endowment will be deposited with in the 7 days of the agreement or agreed period but the duration of the agreed endowment contribution will not be more than five years.)

ख. यो दानदातव्य कोषको सबै कारोवारका निम्ति विश्वविद्यालयले विश्वविद्यालयको रेकर्ड प्रणालीमा देखिनेगरी छुट्टै लेखा व्यवस्था गर्ने छ। (The university will maintain the separate accounting of all transactions of the fund reflected in the record of the university.)

ग. यो कोषको रकम दानदातव्य लगानी समितिले दानदातव्य सञ्चालन समितिको स्विकृतिमा कुनै वाणिज्य बैंकमा स्थीर मौज्दात वा अन्य लगानी योग्य क्षेत्रमा लगानी गर्नेछ। (The endowment amount will be invested in the fixed deposit of commercial bank or the central investment committee can invest as per the recommendation of the endowment management committee. )

घ. यो दानदातव्य कोष प्रतिबन्धित/अर्धप्रतिबन्धित हुनेछ। (The agreement will be permanently restricted/quasi restricted.)

ङ. अर्धप्रतिबन्धित कोष दानदातव्य कोष विनियमको अधिनमा रही आम्दानीसहित कोषको रकम रु. १ करोड पुगेको अवस्थामा प्रतिबन्धित कोषमा परिवर्तन गर्न सकिनेछ। (The quasi restricted endowment plan will be upgraded into restricted endowment plan in case exceed the specified amount Rs 1 crore including return of endowment.)

च. यो कोषका मुख्य लक्ष्य तथा उद्देश्यको नजिक हुने गरी यो दानदातव्य कोषको प्रस्तावना परिवर्तन वा परिमार्जन गर्न दातालाई पेश गर्न सक्नेछ। (The central investment committee can submit proposal to modify the existing proposal. The authorization can be granted to use the gift to fulfil the objectives as near as practical to the prime purpose of the agreement. )

## दानदातव्य कोष स्थानान्तरण, लगानी तथा वितरण

दानदातव्य कोषका निम्ति दाताले प्रदान गरेको रकम त्रिभुवन विश्वविद्यालयका लक्ष्य हासिल गर्नका निम्ति दानदातव्य कोषमा स्थानान्तरण हुने छ। यो कोषमा भएका सम्झौताका आधारमा त्रिभुवन विश्वविद्यालयले कोष लगानी, परिचालन र व्यवस्थापनको जिम्मेवारी बहन गर्नेछ। त्रिभुवन विश्वविद्यालयले यो कोषको लगानी, परिचालन र व्यवस्थापनका लागि रजिष्ट्रारको संयोजकत्वमा सञ्चालन समिति र योजना निर्देशनालयका निर्देशकको संयोजकत्वमा दाताको समेत सहभागिता रहने गरी लगानी समितीको व्यवस्था गर्नेछ। दातालाई कोषका गतिविधि, आम्दानी तथा कोषका लक्ष्य हासिल भएको स्थितिको बारेमा नियमित रुपमा विश्वविद्यालयले जानकारी दिनेछ।

## परिमार्जन सम्बन्धी व्यवस्था

"त्रिभुवन विश्वविद्यालय दानदातव्य कोष सञ्चालन सम्बन्धी विनियम, २०७९" को व्यवस्था अनुसार दानदातव्य कोष सञ्चालन समितिले कोषको अवधि तथा लक्ष्य र उद्देश्य हासिल गर्नका निम्ति आवश्यक परिमार्जन गर्न सक्दछ।

| | |
|---|---|
| दानदाताको तर्फबाट | विश्वविद्यालयको तर्फबाट |
| हस्ताक्षर : ...................................... | हस्ताक्षर : ......................... |
| नाम : विमल कुमार खड्का...... | रजिष्ट्रार : प्रा.डा. केदार प्रसाद रिजाल |
| मिति : २०८१/०१/१६ | |

## Endowment Agreement

## Tribhuvan University
### Endowment Policy Agreement
# Supplement Document

**A. Investment growth estimation**

How does endowment fund work?

Here is an illustration of an investment of Rs. 1 endowment fund. Suppose the fund is invested for five years and the projected returns is 10%.

| Year | Endowment Balance (Beginning) | Projected Earning (10%) | Projected Distribution | Projected Growth | Endowment Balance (Year End) |
|---|---|---|---|---|---|
| 1 | 10,000,000 | 1,000,000 | 500,000 | 500,000 | 10,500,000 |
| 2 | 10,500,000 | 1,050,000 | 525,000 | 525,000 | 11,025,000 |
| 3 | 11,025,500 | 1,102,500 | 551,250 | 551,250 | 11,576,250 |
| 4 | 11,576,250 | 1,157,625 | 578,812 | 578,812 | 12,155,062 |
| 5 | 12,155,062 | 1,215,506 | 607,753 | 607,753 | 12,762,815 |

In the fifth year end, the Rs. 1 crore contribution in endowment fund gets raised to Rs. 12,762,815 while the students get scholarship worth of Rs. 2,762,815

**B. Suggested criteria**

**a. For the student scholarship**

- The student must be regular with majoring the ---- subject *(select the particular subject)*.
- The student should maintain minimum 3.7 GPA/CGPA/or top of the program to be eligible for the scholarship.
- This fund will facilitate the student from ……………… area *(select particular area)*. The student should attach the recommendation of respective local authority for the financial need assistance.
- Grievance over the decision of scholarship can be sued by other candidates meeting more merits than the declared candidate within seven days from the declaration of scholarship.
- The final authority to settle the grievance resides in fund investment committee.

**b. Professorship: The prospect professor under this facility -**

1. should be full time employee of the Tribhuvan University.
2. should have at least 10 years of teaching and research experience.
3. should have sound knowledge and academically excellence
4. should have at least 5 international articles published in scopus/scimago index journal or policy level reports in respective area approved.
5. should be committed to serve at least 5 years in the TU.
6. should have high level of ethical ground.

7. will be eligible to apply for the award again provided he/she continue to meet the criteria.

**c. Fellowship: The prospect candidate under this facility -**

1. should be full time teacher of the Tribhuvan University.
2. should have at least 5 years of teaching and /or research experience.
3. should have academically excellence and sound knowledge in respective area.
4. should have at least 2 international articles published in scopus/scimago index journal or policy level reports in respective area approved.
5. should have commitment of continuation TU service for at least 5 years from the date of completion the assigned work.
6. should have high level of ethical ground.
7. may be eligible to apply for the award again if he/she continue to meet the criteria.

**c. Other contribution areas**

The university can accept the contribution both in cash or kind specially in following sectors.

1. Professorship
2. Fellowship
3. Student scholarship Need based/ Merit based
4. Research and Innovation
5. Lab Establishment/upgradation
6. Library construction or renovation
7. Entrepreneurship development
8. Faculty Development Training/Workshop/seminar
9. Initiative related to environment and society
10. Initiative related to sustainable development goal
11. Employment generation
12. Health and safety
13. Information technology
14. Community Development
15. Business and Finance
16. Scholarship,
17. Financial assistant,
18. University mission achievement,
19. The memorial supports, travel supports to research, dissemination, learning, visit, faculty development, research and publication, any others…)